
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२० पृष्ठ १० | काठमाडौं, बुधबार १२ भदौ २०८१ | भाद्र कृष्णपक्ष दशमी नेपाल संवत् ११४४ | WEDNESDAY, AUGUST 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## कहालिलाग्दो सडक दुर्घटना
# अकालमै गुमाए १२ हजारले ज्यान




देशभर दिनानुदिन सडक दुर्घटना भइरहेका छन् । कतै सडकका कारण त कतै चालकका कारण अनाहकमै हुने दुर्घटनामा ज्यान गुमाउन बाध्य छन् नागरिक । विगत ५ वर्षको अवधिमा देशभर १२ हजार ३ सय ७१ जना मानिसले अकालमै ज्यान गुमाएका छन्, त्यो पनि सडक दुर्घटनामा । घरबाट यात्रामा निस्किँदा गन्तव्यमा नपुगुन्जेल घरपरिवार र आफन्तको मनमा शान्ति हुँदैन । दिन प्रतिदिन बढ्दै गइरहेको सडक दुर्घटना रोक्न सरकारले ठोस पहल र नीतिगत योजना ल्याएको छैन । गाउँ-गाउँमा मापदण्डविपरीत जथाभावी खनिएका सडक सञ्जालहरू नागरिकको ज्यान गुमाउने मार्ग बनिरहेका छन् ।




समाचार पृष्ठ २

केशरराज क्षेत्री | *काठमाडौं*
– को रिपोर्ट

## संक्रमणकालीन न्याय विधेयकमा न्याय खै ?

**सावित्री खड्का**

इजलास

२०६३ मंसिर ५ गते ७ राजनीतिक पार्टी र तत्कालीन नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष नाघिसक्यो। सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्ने र बेपत्ता पारिएका नागरिकको स्थिति ६० दिनभित्र सार्वजनिक गर्ने विषयमा त्यस बेला सहमति भएको थियो।

विस्तृत शान्ति सम्झौतामा समावेश गरिएका विषयहरूलाई पालना गर्न भनी १० वर्षपछि अर्थात् २०७१ सालमा दुई छुट्टाछुट्टै आयोग पनि गठन भए। तर, राजनीतिक भागबन्डामा कर्मचारी राख्ने खेलमा रुमलिएको आयोगले उजुरी संकलन गर्नेबाहेक कुनै उपलब्धि हासिल गर्न सकेन।

हालै, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो) संशोधन विधेयक, २०८१ प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको छ। तर, उक्त विधेयकबाट पीडितले न्याय पाउने देखिँदैन। विधेयकमा केही छुटेका राम्रा पक्ष समेटिए पनि पीडकलाई केन्द्रबिन्दुमा राख्ने गरी ल्याएको विधेयक अझै पूर्ण छैन। न्यायलाई टुंगोतर्फ लैजानुपर्नेमा परिपुरणको ललिपप देखाए जस्तो गरी मानव अधिकारको गम्भीर उल्लंघनका घटना र अन्य घटनालाई एउटै टोकरीमा राखिएको छ। हत्याजस्तो कसुरलाई सामान्य र गम्भीर भनी गरिएको संकुचन परिभाषा त्रुटिपूर्ण छ।

मेलमिलापको नाममा पीडितलाई पर्न सक्ने दबाब, प्रभाव र पीडित तथा साक्षी संरक्षणको विषय, बालसेनाको विषय र उजुरी माग्ने विषयमा मौन छ। हत्याजस्तो गम्भीर मानवअधिकार उल्लंघनको घटनालाई साधारण र गम्भीर हत्या भनी वर्गीकरण गर्दा नि:शस्त्र व्यक्तिले समेत योजनाबद्ध थियो भन्ने प्रमाणित गर्न नसके पीडितको सूचीमा नपर्ने देखिन्छ। सरकारले पीडितको माग र आवाज सुन्न अब ढिलाइ गर्नु भनेको न्याय नदिनु सरह हो।

*(खड्का, द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालकी सचिव हुन्।)*

# अवैध रूपमा अमेरिका हिँडेका १७६ नेपाली ब्राजिलमा अलपत्र

**अन्नपूर्ण** | *काठमाडौं*

अवैध रूपमा अमेरिका हिँडेका १ सय ७६ जना नेपाली ब्राजिलमा अलपत्र परेका छन्। उनीहरू ब्राजिलको साउपाउलो विमानस्थलको ट्रान्जिट इलाकामा रहेको ब्राजिलस्थित नेपाली दूतावासले आफ्नो अनलाइनमा विज्ञप्ति राखेर पुष्टि गरेको छ।

अलपत्रमा परेका सबै नेपाली सकुशल रहेका र आवश्यकताअनुसार मानवीय सहायता पुर्‍याउन तयारी अवस्थामा रहेको दूतावासले जनाएको छ। विमानस्थलको ट्रान्जिटमा नेपालीसहित ७ सय विदेशी रोकिएको पनि विज्ञप्तिमा भनेको छ। दूतावासले नेपाली नागरिकलाई मानवीय सहायता पुर्‍याउन तयारी अवस्थामा रहेको उल्लेख गरेको छ।

दक्षिण अमेरिकाका ब्राजिललगायत अन्य मुलुक हुँदै अवैध रूपमा अमेरिका प्रवेश गर्ने उद्देश्यले विभिन्न स्थानबाट दक्षिण अमेरिकी मुलुकमा आउने प्रवृत्ति बढ्दो छ। संगठित रूपमा सञ्चालित मानव तस्करको प्रलोभन र उक्साहटमा परी नेपालबाट पनि ठूलो संख्यामा युवाहरू आउने गरेको जानकारी बेलाबेलामा हुने गरेको दूतावासले जनाएको छ। दूतावासले कैयौंले अकल्पनीय पीडा बेहोर्नुका साथै ठूलो धनराशि खर्च गर्नुपर्ने परिस्थितिमा फस्न पुगेको भनेको छ।


Government of Nepal
Embassy of Nepal
Brasilia, Brazil
ABOUT US · CONSULAR SERVICES · NEPAL- BRAZIL RELATION · GALLERY · TOURISM IN NEPAL · ABOUT NEPAL · CONTACT
English
Português

ब्राजिल ट्रान्जिट हुँदै तेश्रो मुलुक जान चाहने नेपाली यात्रीका लागि नयाँ नियम सम्बन्धमा

August 27, 2024

नेपाली राजदूतावास, ब्राजिलिया, २७ अगस्त २०२४

पछिल्लो समय ब्राजिलले नेपाल लगायतका केही देशका राहदानी बाहकलाई प्रवेशाज्ञा लिएको भए मात्र ब्राजिल प्रवेशको अनुमति दिने नियम ल्याएको छ।

अब नेपाली आगन्तुकले ब्राजिल भएर सिधै गन्तव्य मुलुकतर्फ उड्न पाउने, त्यसरी नगएमा विमानस्थलबाट फर्काउनेछ। 'विमानस्थलमा शरणार्थीको मान्यता नदिइने जनाइएको छ,' नेपाली दूतावासले भनेको छ।

साथै दूतावासले जायज कारण भए पुष्टि हुने कागजात र प्रवेशाज्ञा पाएर मात्र ब्राजिल आउन वा ब्राजिल भएर अरू देशको भ्रमणमा जान अनुरोधसमेत गरेको छ। मानव तस्करको सञ्जाल प्रयोग गरी गरिने यस प्रकारको यात्रा अवैध, जोखिमपूर्ण र अनिश्चित हुने सन्दर्भमा जायज कारण भएमा सो पुष्टि गर्ने कागजात र प्रवेशाज्ञा लिई मात्र ब्राजिल वा ब्राजिल हुँदै अन्य मुलुकको भ्रमणमा निस्कन दूतावासले अनुरोध गरेको छ।

## अमेरिकाको टेक्ससमा नेपाली विद्यार्थीको गोली हानी हत्या

**अनिल अधिकारी | अमेरिका**

अमेरिकाको टेक्सस राज्यस्थित ह्युस्टन सहरको एक कम्युनिटी कलेजमा अध्ययनरत नेपाली छात्राको गोली हानेर हत्या गरिएको छ। हत्याबारे पूर्ण विवरण आउन भने बाँकी छ। प्रहरीले अनुसन्धान सुरु गरिएको जानकारी दिएको छ।

मृतक नेपाली छात्रा मुना पाण्डे अध्ययनका लागि सन्, २०२१ मा अमेरिका आएको बताइएको छ। स्रोतका अनुसार मृतक विद्यार्थी मुना ह्युस्टन सहर नजिकैको अपार्टमेन्टमा बस्दै आएकी थिइन्। प्रहरीको प्रारम्भिक अनुसन्धानपश्चात् शव पोष्टमार्टमका लागि अस्पतालमा राखिएको छ।

सोमबार अपराह्न अपार्टमेन्टको कोठाभित्र शव भएको जानकारी प्रहरीलाई दिइएको थियो। एसोसिएसन अफ ह्युस्टनका प्रथम उपाध्यक्ष द्रोण गौतमका अनुसार मृतकका परिवारलाई घटनाबारे जानकारी दिइसकिएको छ। मृतककी आमा अनिता पाण्डे अधिकारीका अनुसार मुनाले चार दिनअघि फोनमा कुराकानी गरेकी थिइन्। मुना परिवारकी एक मात्र सन्तान थिइन्।

# ६१५ नेपाली साउदी जेलमा

## १ महिनामै १६ को मृत्यु


**विष्णु घिमिरे** | *साउदी*

वैदेशिक रोजगारीका लागि साउदी अरब आकर्षक मानिन्छ। तर, यहाँको कानुनविपरीतका गतिविधि र साथीभाइको प्रलोभनमा पर्दा ६ सय १५ जना नेपाली जेल परेका छन्। अधिकांश रक्सी सेवन र बिक्री वितरणको अभियोगमा जेल परेका हुन्। साउदीमा रक्सी सेवन र बिक्री वितरण कार्य गैरकानुनी एवं दण्डनीय हो।

साउदीस्थित नेपाली दूतावासका श्रमसहचारी देवेन्द्र कार्कीका अनुसार ६ सय १५ जना नेपाली विभिन्न जेलमा सजाय भोगिरहेका छन्।

उनका अनुसार ३ सय ८८ जना मदिरा उत्पादन, सेवन र ओसारपसारको अभियोगमा जेल परेका हुन। यस्तै, १ सय २२ जना लागुऔषध ओसारपसार र ५३ जना चोरी मुद्दामा जेल परेका हुन्। यस्तै, उच्छृंखल भिडियो बनाउने, महिलालाई जिस्काउने तथा अन्य कानुनविपरीतका गतिविधिमा संलग्न रहेको आरोपमा ५२ जना जेल परेका हुन्।

साउदीमा हाल ४ लाख नेपाली कार्यरत रहेको अनुमान छ। रोजगारीका लागि यहाँ आउने नेपालीको संख्या बर्सेनि बढ्दो छ। तर, पछिल्लो समय कार्यरतसम्बन्धी कम्पनी छोडेर अरू नै कम्पनीमा काम गर्नका लागि भाग्नेको संख्या पनि बढ्दो छ। श्रम सम्झौताभन्दा बढी पैसाको लोभ गर्ने र जसरी पनि पैसा कमाउन कानुनविपरीत काम गर्नेहरू समस्यामा परेपछि कम्पनी छोडेर भाग्ने गरेका छन्। दूतावासले साउदीमा कार्यरत कम्पनी छोडेर भाग्ने नेपालीको संख्या १५ हजार बढी रहेको अनुमान गरेको छ।




**धेरै कमाउने प्रलोभनले जेलमा**

डोल्पाका प्रकाश (थर गोप्य राखिएको) ३ वर्ष पहिला साउदीको एक राम्रो रेस्टुराँन्टमा काम गर्थे। तर, छोटो समयमा धेरै कमाई हुने साथीभाइको गफ सुनेर उनले उक्त कम्पनी छोडे। त्यसपछि मदिरा (रक्सी) बनाउने र बेच्ने गर्न थाले। त्यस्तो अवैध कारोबार गरिरहेका बेला प्रहरीको फन्दामा परे।

त्यसपछि उनका दु:खका दिन सुरु भए। 'धेरै कमाई हुने आशामा साथीभाइका कुरा सुनेर मदिरा (रक्सी) बनाउने र बेच्ने काममा लागेँ,' उनले दु:खेसो पोखे, 'अब त जेलको बास छ। अब नेपाल सरकारले उद्धार गरेर स्वदेश फिर्ता गरिदिए हुन्थ्यो।' आफूसँगै काम गर्ने अरू ३३ जना नेपाली पनि मदिरा बनाउने र बेच्ने गरेको आरोपमा जेलमा सँगै रहेको उनले बताए।

मुगुका हरि (थर गोप्य) पनि रक्सी सेवनको अभियोगमा जेलमा छन्। 'साथीको कोठामा १२/१५ जना जम्मा भएका लोकल रक्सी पिउँदै रमाइलो गरिरहेका थियौं,' हरिले भने, 'त्यस क्रममा साथीभाइबीच झगडा पर्‍यो। रुम नजिकै बस्ने पाकिस्तानीले प्रहरीलाई खबर गरेछ। प्रहरी आएर सबैलाई समातेर लग्यो। जेलमा परेको २० महिना भइसक्यो।'

आफू लगायतका साथीहरू जेल परेको खबर कम्पनीलाई दिएपछि उल्टै कम्पनीले चोरीको आरोप लगाएको उनको भनाइ छ। 'कम्पनीले त सामान चोरी गरेको भनेर जरिवाना स्वरूप १ लाख रियालसहित मलाई मुद्दा हाल्यो,' उनले भने, 'अदालतले पनि दोषी करार दिँदै जेल चलान गर्‍यो।' उद्धारको पर्खाइमा रहेको उनले बताए।

बागलुङका होम(थर गोप्य) २२ महिना पहिले साउदीको अल हबिद कम्पनीमा ड्राइभर भिसामा आएका थिए। तर, साथीभाइको कुरा सुनेर बीचमै कम्पनी छोडे। साथीहरूले उनी कार्यरत कम्पनीभन्दा दुई गुणा बढी पैसा कमाई हुने लोभ देखाएका थिए।

'तर, कम्पनीले उनीविरुद्ध चोरी र साथीभाइलाई भगाएको आरोपमा २५ हजार साउदी रियाल जरिवाना सहितको मुद्दा दर्ता गर्‍यो,' उनले भने, 'यही कारण जेलको बास भयो।' पुरानो कम्पनीमा काम गर्दा ९० हजार रुपैयाँ बढी घर पठाउने गरेका होम धेरै कमाईको प्रलोभनमा फँसेको बताउँछन्। 'लोभमा परेर कम्पनी छोडेँ,' उनले भने, 'सुरुमा त राम्रो कमाएँ। पनि तर पछि थाहा भयो कि भागेर काम गर्दा साउदीको नियम र कानुनअनुसार अवैधानिक मानिँदो रहेछ।'

९ महिना अगाडि साउदी आएकी सिन्धुपाल्चोकी सुन्दरीमाया तामाङ पनि जेलमा छिन्। धेरै पैसाको लोभमा पर्दा जेल परेको उनले दु:खेसो पोखिन। 'काम गर्दा महिनाको ५० हजार नेपाली रुपैयाँ बचत हुन्थ्यो,' उनले भनिन्, 'तर साथीभाइको कुरामा लागेर कम्पनीबाट भागेँ। सुरुमा राम्रो कमाइ भयो र खुसी पनि थिएँ। एकदिन नचिनेको फोन आयो, २ कार्टुन लोकल रक्सीको अर्डर आयो। लोकेसन पठाएँ। ती त साउदीका सीआईडी रहेछन्। मसँगै अन्य साथीलाई समातेर लगे। अहिले मसँगै अन्य ४० जना नेपाली जेलमा छौं। अब घर फर्कन्छौं या फर्कदैनौं केही थाहा छैन।'

बाँकी पृष्ठ ६